| कार्यविधि नं. | |
|---|---|

# माण्डवी गाउँपालिका अन्तर्गत गठन हुने समिति/उपसमिति गठन सम्बन्धी कार्यविधि, २०७७

| गाउँकार्यपालिकाबाट स्वीकृत मिति | २०७७।१२।०८ |
|---|---|

माण्डवी गाउँपालिका

प्यूठान जिल्ला

लुम्बिनी प्रदेश

# माण्डवी गाउँपालिका अन्तर्गत गठन हुने समिति/उपसमिति गठन सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना :**

माण्डवी गाउँपालिका को गाउँ कार्यपालिकाले आफ्नो काम कारबाहीलाई थप व्यवस्थित रूपमा सञ्चालन गरी कार्य सम्पादनस्तर गुणात्मक बनाई उच्चतम नतिजा प्राप्त गर्न, माण्डवी गाउँपालिका को विषयगत क्षेत्रमा विशिष्टीकृत रूपमा नीति, योजना तथा कार्यक्रम सञ्चालन गरी कार्यपालिकाको बैठकको उपलब्धिलाई अझ वृद्धि गर्न कानून बमोजिम तोकिएका विभिन्न समिति तथा उपसमितिहरु गठन गरी तिनीहरुको कार्यलाई अझ नतिजामूलक बनाउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ र दफा १०२(२) बमोजिम कार्यपालिकाको मिति २०७७।१२।०८ को बैठकले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक १

संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम “माण्डवी गाउँपालिका  कार्यपालिका अन्तर्गत समिति/उपसमिति गठन सम्बन्धी कार्यविधि, २०७७” रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :-

(क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनुपर्दछ ।

(ख) “कार्यविधि” भन्नाले माण्डवी गाउँपालिका कोकार्यपालिका अन्तर्गत समिति/उपसमिति गठन सम्बन्धी कार्यविधि, २०७७ सम्झनु पर्दछ ।

(ग) “ गाउँपालिका ” भन्नाले माण्डवी गाउँपालिका , गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(घ) “अध्यक्ष” भन्नाले माण्डवी गाउँपालिका का अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) “उपाध्यक्ष” भन्नाले माण्डवी गाउँपालिका को उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले माण्डवी गाउँपालिकाको प्रमुख प्रशासकीयक अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) “समिति/उपसमिति” भन्नाले यस कार्यविधि बमोजिम गठित समिति उपसमितिलाई सम्झनु पर्दछ ।
(ज) “गाउँसभा” भन्नाले माण्डवी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

(झ) “संयोजक” भन्नाले समितिको संयोजकलाई सम्झनु पर्दछ ।

(ञ) “सदस्य” भन्नाले समितिको सदस्यलाई सम्झनु पर्दछ ।

(ट) “सदस्य सचिव” भन्नाले समितिको सदस्य सचिवलाई सम्झन पर्दछ ।

(ठ) “शाखा/उपशाखा/इकाई” भन्नाले माण्डवी गाउँपालिका अँतर्गतका अन्तर्गतको शाखा/उपशाखा/इकाईलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २

## समिति गठन तथा क्षेत्राधिकार

**३. समिति गठन-** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ र अन्य प्रचलित नेपाल कानूनले स्थानीय तहलाई उपलब्ध गराइएको अधिकारको समुचित प्रयोग गर्दै स्थानीय शासन तथा प्रशासनलाई ब्यवस्थित बनाई जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुण्स्तरीय सेवा प्रवाह गर्न मद्दत पुर्‍याउने उद्देश्यले विषयगत क्षेत्रमा केन्द्रित भई विशिष्टीकृत रूपमा विषयवस्तु उपर छलफल गरी निस्किएको निचोड तथा प्रस्तावलाई प्रमुख मार्फत कार्यपालिकामा पेश गरी आवश्यक कानून, नीति, योजना र कार्यक्रम तर्जुमा गर्ने, कार्यान्वयन गर्ने गराउने तथा अनुगमन मार्फत उपलब्धिलाई अधिकतम एवं उच्चतम बिन्दुमा पुर्‍याउन आवश्यक देखिएकोले हालको संस्थागत तथा विषयगत कार्यक्षेत्रलाई आधार मानी कार्यपालिका मातहत रहने गरी समिति/उपसमितिहरू गठन गरिनेछ ।

(२) उपनियम (१) बमोजिमका समितिहरूमध्ये स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ बमोजिमको लेखा समिति, विद्यायन समिति र सुशासन समितिको गठन गाउँ सभाले गर्नेछ । यस देखि बाहेकका तल उल्लेखित अन्य समितिहरुको गठन कार्यपालिकाको निर्णय बमोजिम हुनेछ । गाउँ सभा र कार्यपालिकाले गठन गर्ने समितिहरुमा कार्यपालिकाको सदस्यमध्येबाट संयोजक १, सदस्य बढीमा ३ जना (एक जना कार्यपालिकाको महिला सदस्य अनिवार्य) र सदस्य सचिवमा सम्बद्ध शाखा/इकाईको प्रमुख वा कार्यपालिकाले तोकेको कर्मचारी रहने गरी समितिको संरचना हुनेछ । समितिको बैठकमा अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत आमन्त्रित सदस्यको रूपमा रहन सक्नेछन् । अध्यक्ष तथा उपाध्यक्ष बाहेक कार्यपालिकाको सदस्य कुनै एक विषयगत समितिमा मात्र संयोजक हुन सक्नेछन्।

(३) उपनियम (२) बमोजिम गाउँपालिका अन्तर्गत रहने समितिहरुको गठन तथा तिनीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

**(क) सुशासन समिति** : सुशासन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) माण्डवी गाउँपालिका को संस्थागत सुशासन कायम गरी स्थानीय शासन, विकास निर्माण तथा सेवा प्रवाहमा उच्चतम सदाचार, पारदर्शिता, नियमितता र प्रभावकारिता कायम गर्न/गराउन आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

(२) संस्थागत सुशासन तथा सुव्यवस्था कायम गर्न आवश्यक प्रस्तावहरू सम्बन्धमा छलफल गरी रणनीति, कार्यनीति, क्रियाकलाप समेत सिफारिस गर्ने ।

(३) गाउँपालिकाको सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन उपयुक्त प्रणालीको सिफारिस गर्ने ।

(४) सम्बद्ध कानून तथा गा पाको निर्णय कार्यान्वयन र त्यसको उपलब्धि सम्बन्धमा नियमित अनुगमन सुपरीवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने । विषयगत क्षेत्रसँग सम्बन्धित शाखा/उपशाखा तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने ।

(५) गाउँपालिकाको समस्त प्रशासनिक काम कारबाहीमा आवश्यक सुधारको अध्ययन, अनुसन्धान गरी सुझाव दिने ।

(६) समितिले आफ्नो कामकारबाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरू प्रमुख मार्फत कार्यपालिकाको बैठकमा पेश गर्ने प्रबन्ध मिलाउने ।

(७) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

**(ख) लेखा समिति :** लेखा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित कर, शुल्क, दस्तुर, दण्ड जरिबाना, रोयल्टी तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ अन्तर्गत उल्लिखित वित्तीय अधिकार क्षेत्रभित्रका कर, दस्तुर, शुल्क लगाउने, उठाउने र राजस्वको समुचित उपयोग गर्न स्थानीय सरकारको रूपमा माण्डवी गाउँपालिका ले गाउँसभा तथा कार्यपालिकाबाट जारी गर्नुपर्ने ऐन, नियमावली, विनियमावली, निर्देशिका तथा मापदण्डहरूको पहिचान गरी विधायन समितिलाई पत्राचार गर्ने तथा राजस्व सम्बद्ध नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

(२) स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँगको समन्वयमा रही आवश्यक सूचना, विबरण तथा तथ्याङ्क उपलब्ध गराई बजेट, नीति तथा कार्यक्रम निर्माणमा सहयोग गर्ने ।

(३) स्थानीय संचित कोषमा रहने रकमहरूको व्यवस्थापन सम्बन्धमा आवश्यक सहयोग, सुझाव उपलब्ध गराउने ।

(४) आफ्नो क्षेत्रभित्रका करदाताहरूको पहिचान गर्ने, सबै करदातालाई करको दायरामा ल्याउने र कर प्रशासनलाई सरल, सहज र पारदर्शी बनाई करदातामैत्री कार्यालयको रूपमा विकास गर्न आवश्यक नीतिगत तथा व्यवस्थापकीय प्रबन्धको लागि अध्ययन अनुसन्धान गरी उपयुक्त विधि, प्रकृया र प्रणालीको सिफारिस गर्ने ।

(५) राजस्व व्यवस्थापनका विषयमा गर्नुपर्ने सुधारका पक्षहरूका सम्बन्धमा सिफारिस गर्ने ।

(६) प्रचलित कानूनको परिपालना तथा यथार्थ कार्यान्वयन सम्बन्धित शाखा, उपशाखा तथा इकाई र वडा कार्यालयहरूबाट प्रभावकारी रूपमा भए नभएको नियमित अनुगमन सुपरीवेक्षण गरी कानून कार्यान्वयनलाई सुनिश्चित गराउने । विषयगत क्षेत्रसँग सम्बन्धित शाखा/उपशाखा तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने ।

(७) सबै करदाताहरूको विवरणलाई अध्यावधिक राखी सूचना प्रविधिको प्रयोगबाट कर संकलन गर्ने सम्बन्धित शाखा वा ईकाईसँगको समन्वयमा सोको अनुगमन तथा पृष्ठपोषण गर्ने ।

(८) गाउँपालिकाको वित्तिय सुशासन कायम गरी नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य पुष्टि हुने गरी लेखा प्रशासन संचालन गर्न/गराउन आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

(९) खर्च सम्बन्धी प्रचलित कानूनको यथार्थ परिपालना गराउन आवश्यक प्रस्तावहरू सम्बन्धमा छलफल गरी रणनीति, कार्यनीति, क्रियाकलाप समेत सिफारिस गर्ने ।

(१०) गाउँपालिकाको खर्च व्यवस्थालाई अधिकतम उपलब्धिमलक बनाइ जनउत्तरदायी खर्च प्रणालीको सिफारिस गर्ने । स्वीकृत बजेटका परिधिभित्र रही कानून बमोजिम खर्च गर्ने प्रशासनिक प्रणालीलाई सुदृढ बनाउने । प्रचलित कानून बमोजिम रहने स्थानीय संचित कोष, आकस्मिक कोषको व्यवस्थापनमा सहयोग गर्ने । छ ।

(११) संघ, प्रदेश, आयोजना तथा वडा कार्यालयको खर्च व्यवस्थापनलाई कानून बमोजिम पारदर्शी ढङ्गले परिचालन भए नभएको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने । विषयगत क्षेत्रसँग सम्बन्धित शाखा/उपशाखा तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने ।

(१२) गाउँपालिकाको समस्त वित्तीय काम कारबाहीमा आवश्यक सुधारको अध्ययन अनुसन्धान गरी सुझाव दिने । महालेखापरीक्षकको कार्यालयले औंल्याएका बेरुजु र आर्थिक अनुशासन सम्बन्धी सुझावहरू कार्यान्वयन गर्ने/ गराउने ।

(१३) स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १० अन्तर्गत तोकिएका आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्थाको अधीनमा रही गा पाको आर्थिक कार्यप्रणालीलाई ब्यवस्थित बनाउन आवश्यक कार्यहरू गराउने ।

(१४) समितिले आफ्नो कामकारबाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरू प्रमुख मार्फत कार्यपालिकाको बैठकमा पेश गर्ने प्रबन्ध मिलाउने ।

(१५) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

**(ग) विधायन समिति :** विधायन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा संघ तथा प्रदेश कानून बमोजिम स्थानीय सरकारको रूपमा माण्डवी गाउँपालिकाले गाउँसभा तथा कार्यपालिकाबाट जारी गर्नुपर्ने ऐन, नियमावली, विनियमावली, निर्देशिका तथा मापदण्डहरूको पहिचान गरी कानूनी ढाँचामा मस्यौदा गर्ने, सम्वद्ध सरोकारवालाहरूबीच छलफल गरी गराई सुझावहरू प्राप्त गर्ने र अन्तिम मस्यौदा तर्जुमा गरी गाउँसभा तथा कार्यपालिकाबाट पारित गर्न प्रस्तुत गर्ने ।

(२) न्यायिक समिति, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको न्यायिक रोहबार भएका निर्णय तथा मिलापत्रको कार्यान्वयन अवस्था सम्बन्धमा अवलोकन गरी प्रभावकारी कार्यान्वयनका लागि आवश्यक प्रबन्ध मिलाउने ।

(३) गाउँपालिकाको समग्र तथा विषयगत क्षेत्रहरूमा समयानुकूल सधार गर्न आवश्यक पर्ने नीति, कानून तथा कार्यविधिहरूको अध्ययन विश्लेषण गरी गाउँपालिकाको सुव्यवस्थामा अभिवृद्धि गर्न आवश्यक संशोधन तथा पुनरावलोकन तथा कानून  कार्यान्वयनलाई सुनिश्चित गर्न गराउन आवश्यक संयन्त्र तथा कार्यप्रणालीको सिफारिस गर्ने ।

(४) प्रचलित कानूनको परिपालना तथा यथार्थ कार्यान्वयन सम्बन्धित शाखा, उपशाखा, इकाई तथा वडा कार्यालयहरूबाट प्रभावकारी रूपमा भए नभएको नियमित अनुगमन सुपरीवेक्षण गरी काननू कार्यान्वयनलाई सुनिश्चित गराउने र विषयगत क्षेत्रसँग सम्बन्धित शाखा/उपशाखा तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने ।

(५) गाउँपालिकाको समग्र विधि तथा विधायन क्षेत्रको काम कारबाहीमा आवश्यक सुधारको अध्ययन अनुसन्धान गरी सुझाव दिने ।

(६) समितिले आफ्नो कामकारबाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरू अध्यक्ष मार्फत कार्यपालिकाको बैठकमा पेश गर्ने प्रबन्ध मिलाउने ।

(७) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

**(घ) आर्थिक विकास समिति (कृषि, सहकारी, वित्तीय, पर्यटन, उद्योग तथा वाणिज्य)** : आर्थिक विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) माण्डवी गाउँपालिका  क्षेत्रभित्रका संस्कृति र सम्पदाकोसंरक्षण सम्बर्द्धन र प्रबर्द्धन गर्न तथा पर्यटन विकासको निमित्त आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

(२) गाउँसभा तथा कार्यपालिकाबाट स्वीकृत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति एंव क्रियाकलाप समेत सिफारिस गर्ने ।

(३) स्थानीय संस्कृति, सम्पदा, चाडपर्व, जात्रा, विहार, मन्दिर, धार्मिक क्षेत्र, पर्यटन क्षेत्र लगायत पुरातात्विक महत्वका नदी किनार, डबली, पाटीपौवा, किरियापुत्री बस्ने घर, बाजागाजा, गुठी परम्परा तथा अन्य मूर्त अमूर्त सम्पदाको सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान, विश्लेषण गरी सुधार तथा संरक्षणको निमित्त अवलम्बन गर्नुपर्ने नीति तथा संस्थागत व्यवस्थाको सिफारिस गर्ने ।

(४) संस्कृति, सम्पदा संरक्षण तथा पर्यटन विकाससँग सम्बन्धित शाखा, आयोजना तथा वडा कार्यालयहरूबाट प्रभावकारी रूपमा कानून बमोजिम पारदर्शी ढंगले कार्य भए नभएको नियमित अनुगमन सुपरीवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने र विषयगत क्षेत्रसँग सम्बन्धित शाखा तथा अन्य प्रशासनिक  एकाइसँग समन्वय गरी तोकिएका कार्यविबरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने ।

(५) गाउँपालिका क्षेत्रभित्र अन्य सरकारी कार्यालयहरूबाट हुने समिति अन्तर्गतका कार्यहरूमा आवश्यक समन्वय गरी सहयोग गर्ने ।

(६) समितिले आफ्नो कामकारबाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरू अध्यक्ष मार्फत कार्यपालिकाको बैठकमा पेश गर्ने प्रबन्ध मिलाउने ।

(७) **उर्जा,कृषि,शिक्षा,पर्यटन,गाउँवासिको शान समृद्धि र खुसि जनता माण्डवीको अभियान** साकार बनाउन आवश्यक अध्ययन, अनुसन्धान, विश्लेषण गरी सिफारिस गर्ने ।

(८) वार्षिक योजना तर्जुमा अन्तर्गत वडा समितिबाट सिफारिस भई आएका आफ्ना समितिसँग सम्बन्धित योजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी तोकिएको मापदण्ड बमोजिम योजना तथा कार्यक्रम छनौट गरी कार्यपालिकामा पेश गर्ने ।

(९) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

**(ङ) सामाजिक विकास समिति (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, खेलकुद तथा मनोरञ्जन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण)** : सामाजिक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) माण्डवी गाउँपालिका क्षेत्रको सामाजिक विकास, समाज कल्याण, शिक्षा तथा व्यवसायिक क्षमता विकास र स्वास्थ्य तथा स्वरोजगार जस्ता सामाजिक क्षेत्रमा सुशासन र समृद्धि हाँसिल गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

(२) महिला, बालबालिका, ज्येष्ठ नागरिक, असहाय र अपांगता भएका ब्यक्ति, पिछडिएको वर्ग, समूदाय, गरिब तथा सिमान्तकृतहरूको हकहित र सुबिधाको निम्ति गा पाले अबलम्बन गरेको नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, क्रियाकलाप समेत सिफारिस गर्ने ।

(३) गाउँपालिकाको स्वास्थ्य, शिक्षा, रोजगारी, खेलकुद आदिको क्षेत्रमा गुणात्मक तथा जनउपयोगी कार्यपद्धतिको विकास गरी सक्षम, उत्कृष्ट, सबल र प्रतिस्पर्धी नागरिक विकासमा केन्द्रित भई स्थानीय शासन संचालनका लागि आवश्यक संयन्त्र तथा कार्यप्राालीको सिफारिस गर्ने ।

(४) समाजकल्याण तथा सामाजिक विकासका विविध क्षेत्रहरूमा सम्बन्धित विभाग, शाखा, आयोजना तथा वडा कार्यालयहरूबाट प्रभावकारी रूपमा कान बमोजिम पारदर्शी ढङ्गले कार्य भए नभएको नियमित अनुगमन सुपरीवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने र विषयगत क्षेत्रसँग सम्बन्धित शाखा/उपशाखा तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने ।

(५) गाउँपालिकाको समस्त सामाजिक क्षेत्रको काम कारबाहीमा आवश्यक सुधारको अध्ययन अनुसन्धान गरी सुझाव दिने ।

(६) समितिले आफ्नो कामकारबाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरू अध्यक्ष मार्फत कार्यपालिकाको बैठकमा पेश गर्ने प्रबन्ध मिलाउने ।

(७) वार्षिक योजना तर्जुमा अन्तर्गत वडा समितिबाट सिफारिस भई आएका आफ्ना समितिसँग सम्बन्धित योजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी तोकिएको मापदण्ड बमोजिम योजना तथा कार्यक्रम छनौट गरी कार्यपालिकामा पेश गर्ने ।

(८) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

**(च) पूर्वाधार विकास समिति (स्थानीय सडक, पुल तथा झोलुंगे पुल, सिंचाई, भवन तथा ग्रामीण विकास, उर्जा, लघु तथा साना जलविद्युत, संचार)** : पूर्वाधार विकास समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(१) गाउँपालिका क्षेत्रभित्र निर्माण गर्न आवश्यक भौतिक पूर्वाधारहरूको पहिचान गरी तत् सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

(२) गाउँसभा तथा कार्यपालिकाबाट स्वीकृत बजेट, नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, क्रियाकलाप समेत सिफारिस गर्ने ।

(३) सुरक्षित तथा ब्यवस्थित निर्माणका लागि अन्य स्थानीय तहहरूसँग समेत एकीकृत रूपमा संचालन गर्न आवश्यक ठूला परियोजनाहरू सम्बन्धमा आवश्यक अध्ययन,अनुसन्धान, विश्लेषण गरी शिफारिस गर्ने ।

(४) ग्रामीण पूर्वाधार विकास शाखा, आयोजना तथा वडा कार्यालयहरूबाट प्रभावकारी रूपमा कानून बमोजिम पारदर्शी ढंगले कार्य भए नभएको नियमित अनुगमन सुपरीवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने र विषयगत क्षेत्रसँग सम्बन्धित शाखा तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने ।

(५) गाउँपालिका क्षेत्रभित्र अन्य सरकारी निकाय, संस्थान आदिबाट हुने भौतिक निर्माण सम्बद्ध कार्यहरूमा आवश्यक समन्वय गरी निर्माण कार्यमा एकरूपता र गुणस्तरीयता कायम गर्न सहयोग गर्ने ।

(६) गाउँपालिकाको स्वीकृत बजेट अन्तर्गत निर्माण गरिने ग्रामीण पूर्वाधारहरू समयमै सम्पन्न गर्ने, गुणस्तरीयता र उपयोगितामा कमी आउन नदिने, अपांगतामैत्री संरचनाहरू निर्माण गर्ने तथा सार्वजनिक हित र सरोकारलाई उच्च महत्व दिइ भौतिक संरचनाहरू निर्माण गर्न गराउन आवश्यक कानूनी तथा संस्थागत प्रबन्ध गर्न सिफारिस गर्ने ।

(७) माण्डवी गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने भवनहरू सम्बन्धी विद्यमान कानून, मापदण्ड तथा भवन संहिताको अध्ययन गरी सम्बद्ध विज्ञहरूको सुझाव समेतका आधारमा संशोधन पुनरावलोकन गर्नुपर्ने सम्बन्धमा ठोस प्रस्ताव सिफारिस गर्ने ।

(८) सुरक्षित तथा व्यवस्थित बजार तथा बस्ती विस्तार तथा निर्माणका लागि स्वीकृत भवन निर्माण सम्बन्धी मापदण्ड तथा संहिताको कडाईका साथ पालना गर्ने/गराउने । गैर-कानूनी निर्माण नियन्त्रण गरी मापदण्ड विपरीत निर्माण भएका संरचनाहरू भत्काउन सहयोग गर्ने ।

(९) छिमेकी अन्य स्थानीय तहहरूसँग समेत समन्वय गरी यस क्षेत्रकोभवन निर्माण सम्बन्धी व्यवस्थामा एकरूपता कायम गर्न पहल गर्ने ।

(१०) भवन निर्माणको नियमित अनुगमनलाई व्यवस्थित रूपमा संचालन गरी तत्काल कारबाही अघि बढाउन संस्थागत संयन्त्र बनाउने र कारबाहीको लागि अध्यक्ष समक्ष शीघ्र पेश गर्न समन्वय गर्ने ।

(११) सम्बन्धित शाखा, आयोजना तथा वडा कार्यालयहरूबाट प्रभावकारी रूपमा कानून बमोजिम पारदर्शी ढंगले कार्य भए नभएको नियमित अनुगमन सुपरीवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने र विषयगत क्षेत्रसँग सम्बन्धित शाखा तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने ।

(१२) भवन निर्माण इजाजत, निर्माण सम्पन्न जस्ता कार्यहरूलाई अझ सरल प्रभावकारी र पादरर्शी गराउने घरधनीहरूलाई स्वीकृत नक्सा बमोजिम मात्र निर्माण गर्न अभिमुखीकरण गर्ने आदि कार्यलाइ प्राथमिकताका साथ अघि बढाउन समन्वय गर्ने ।

(१३) समितिले आफ्नो कामकारबाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरू अध्यक्ष मार्फत कार्यपालिकाको बैठकमा पेश गर्ने प्रबन्ध मिलाउने ।

(१४) समितिले आफ्नो कामकारबाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरू प्रमुख मार्फत कार्यपालिकाको बैठकमा पेश गर्ने प्रबन्ध मिलाउने ।

(१५) वार्षिक योजना तर्जुमा अन्तर्गत वडा समितिबाट सिफारिस भई आएका आफ्ना समितिसँग सम्बन्धित योजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी तोकिएको मापदण्ड बमोजिम योजना तथा कार्यक्रम छनौट गरी कार्यपालिकामा पेश गर्ने ।

(१६) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

**(छ) वातावरण तथा विपद् व्यवस्थापन समिति (वन तथा भू संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला तथा ढल व्यवस्थापन, विपद् व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण)** : वातावरण तथा विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) माण्डवी गाउँपालिका  क्षेत्रभित्रको वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन तथा प्रदुषण नियन्त्रण सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

(२) गाउँसभा तथा कार्यपालिकाबाट स्वीकृत वातावरण सम्बन्धी बजेट, नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, क्रियाकलाप समेत सिफारिस गर्ने ।

(३) गुणस्तरीय खाद्यपदार्थ विक्री वितरणको व्यवस्थापनको निमित्त आवश्यक पूर्वाधार, नियमित अनुगमन र कारबाही सम्बन्धमा आवश्यक नीतिगत तथा संस्थागत संयन्त्र विकास गर्न अध्ययन छलफल गरी प्रस्ताव पेश गर्ने ।

(४) वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन कार्यमा सम्बन्धित शाखा, आयोजना तथा वडा कार्यालयहरूबाट प्रभावकारी रूपमा कानून बमोजिम पारदर्शी ढगले कार्य भए नभएको नियमित अनुगमन

सुपरीवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने र विषयगत क्षेत्रसँग सबन्धित शाखा तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविबरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने ।

(५) सार्वजनिक शौचालय निर्माण, वायुप्रदुषण नियन्त्रण, वातावरण संरक्षणमा समूदायको अधिकतम परिचालन, जैविक फोहोरको घर-घरमा व्यवस्थापन, सफा टोल अभियान, साना वन व्यवस्थापन, तरकारी, फलफूल तथा माछा-मासु बजारलाई आधुनिकीकरण तथा नदी सभ्यताको संरक्षण लगायत गाउँसभाबाट स्वीकृत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा केन्द्रित हुने तथा केन्द्रित हुन सहयोग गर्ने ।

(६) गाउँपालिका क्षेत्रलाई सुरक्षित बस्तीको रूपमा विकास गर्न निर्माण गरिने सबै भौतिक पूर्वाधारहरूमा विपद् जोखिम न्यूनीकरणको प्रविधि र उपकरणहरू प्रयोग ज्ञज्ञ गर्ने प्रणाली पहिचान गरी तत् सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

(७) गाउँसभा तथा कार्यपालिकाबाट स्वीकृत विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति एंव क्रियाकलाप समेत सिफारिस गर्ने ।

(८) सुरक्षित तथा व्यवस्थित पूर्वाधार निर्माणका लागि अन्य स्थानीय तहहरूसँग समेत एकीकृत रूपमा संचालन गर्न आवश्यक विपद्व्यवस्थापन सम्बन्धी विषयमा संयुक्त तवरबाट अध्ययन, अनुसन्धान, विश्लेषण गरी सिफारिस गर्ने ।

(९) सहरी पूर्वाधार विकास तथा भौतिक निर्माणमा विपद् जोखिम न्यनीकरणका अवधारणालाई मूल प्रवाहीकरण गरिए नगरिएको सम्बन्धमा सम्बन्धित शाखा, आयोजना तथा वडा कार्यालयहरूको नियमित अनुगमन सुपरीवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने र विषयगत क्षेत्रसँग सम्बन्धित शाखा तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने ।

(१०) गाउँपालिका क्षेत्रभित्र अन्य सरकारी निकाय, संस्थान आदिबाट हुने भौतिक निर्माण सम्बद्ध कार्यहरूमा आवश्यक समन्वय गरी प्रकोपबाट बच्न आवश्यक पहल गर्ने ।

(११) विपद् व्यवस्थापनमा सुधार ल्याउन आवश्यक कानूनी तथा संस्थागत प्रबन्ध गर्न सिफारिस गर्ने ।

(१२) समितिले आफनो कामकारबाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरू अध्यक्ष मार्फत कार्यपालिकाको बैठकमा पेश गर्ने प्रबन्ध मिलाउने ।

(१३) वार्षिक योजना तर्जुमा अन्तर्गत वडा समितिबाट सिफारिस भई आएका आफ्ना समितिसँग सम्बन्धित योजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी तोकिएको मापदण्ड बमोजिम योजना तथा कार्यक्रम छनौट गरी कार्यपालिकामा पेश गर्ने ।

(१४) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

**(ज) संस्थागत विकास, सेवा प्रवाह र सुशासन (सामान्य सेवा, सूचना प्रविधि, पञ्जिकरण, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रवर्द्धन, अनुसन्धान, विकास र विविध)** :

(१) गाउँपालिकाको सस्थागतं सुशासन कायम गरी स्थानीय शासन, विकास निर्माण तथा सेवाप्रवाहमा उच्चतम सदाचार, पारदर्शिता, नियमितता र प्रभावकारिता कायम गर्न/गराउन सूचना प्रविधिको प्रयोगलाई उच्च बनाउन आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

(२) संस्थागत सुशासन तथा ग्रामीण सुव्यवस्था कायम गर्न सूचना प्रविधी सञ्जाल विकास सम्बन्धी आवश्यक प्रस्तावहरू सम्बन्धमा छलफल गरी रणनीति, कार्यनीति, क्रियाकलाप समेत सिफारिस गर्ने ।

(३) गाउँपालिकाले हाल प्रदान गरेका सूचना प्रविधिमा आधारित सेवाको गुणस्तर र प्रभावकारिताका सम्बन्धमा अनुगमन गरी आगामी दिनमा लिनुपर्ने नीतिगत, कानूनी सुधारका उपायहरू कार्यपालिकाको बैठकमा प्रस्तुत्गर्ने ।

(४) गा पाको सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन सूचना प्रविधिसँग जोड्ने उपयुक्त प्रणालीको सिफारिस गर्ने ।

(५) सम्बद्ध कानून तथा गा पाको निर्णय कार्यान्वयन र त्यसको उपलब्धि सम्बन्धमा नियमित अनुगमन सुपरीवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने र विषयगत क्षेत्रसँग सम्बन्धित शाखा/उपशाखा तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने ।

(६) गाउँपालिकाको समस्त प्रशासनिक काम कारबाहीमा सूचना प्रविधको प्रयोग सम्बन्धमा आवश्यक सुधारको लागि अध्ययन अनुसन्धान गरी सुझाव दिने ।

(७) समितिले आफ्नो कामकारबाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरू अध्यक्ष मार्फत कार्यपालिकाको बैठकमा पेश गर्ने प्रबन्ध मिलाउने ।

(८) वार्षिक योजना तर्जुमा अन्तर्गत वडा समितिबाट सिफारिस भई आएका आफ्ना समितिसँग सम्बन्धित योजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी तोकिएको मापदण्ड बमोजिम योजना तथा कार्यक्रम छनौट गरी कार्यपालिकामा पेश गर्ने ।

(९) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

**(झ) अन्य समितिहरु गठन गर्न सक्ने :** माथि उल्लेखित बाहेक कार्यपालिकाले आवश्यकता अनुसार अन्य समितिहरु गठन गर्न सक्नेछ । समिति गठन प्रक्रिया दफा ३ बमोजिम हुनेछ भने समितिको काम, कर्तव्य र अधिकार कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - ३

## विविध

**४. समितिको बैठक सम्बन्धी व्यवस्था:** समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(१) वर्षमा कम्तिमा ३ पटक समितिको बैठक बस्नेछ। तर, आवश्यकता अनुसार जुनसुकैं बेला पनि बैठक बस्न सक्नेछ ।

(२) समितिको बैठक संयोजकको आदेशानुसार सदस्य सचिवले बोलाउने छ। सदस्य सचिवले संयोजकसँग समन्वय गरी बैठक बस्ने मिति, स्थान र कार्यसूची तय गर्नुपर्नेछ ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञलाई पनि आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता संयोजकले र निजको अनुपस्थितिमा ज्येष्ठ सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा समितिको बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितको बैठकको निर्णय संयोजकले प्रमाणित गर्नेछ ।

**५. प्रतिवेदन पेश गर्नुपर्ने :** समितिले गरेका काम कारबाही, सिफारिस तथा प्रतिवेदनहरू सम्बन्धमा प्रत्येक ४/४ महिनाको चौमासिक प्रतिवेदन तथा बार्षिक प्रतिवेदन अध्यक्ष मार्फत कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**६. सुझाव निर्देशन पालना गर्नुपर्ने -** कार्यपालिकाले दिएका सुझाव तथा निर्देशनहरू समितिले अनिवार्य पालन गर्नुपर्नेछ ।

**७. कर्मचारीले सहयोग गर्नु पर्ने -** गाउँपालिकामा कार्यरत सबै कर्मचारीहरूले समितिको काम कारबाहीमा आवश्यक सहयोग गर्नु पर्नेछ ।

**८. उप-समिति गठन गर्न सकिने-** समितिले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा विस्तृत अध्ययन विश्लेषण गर्न बढीमा ३ सदस्यीय उपसमिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ ।

**९. समिति/उप-समिति भङ्ग पुनर्गठन गर्न सकिने-** उपसमितिलाई समितिले र समितिलाई कार्यपालिकाले जुनसुकै बेला भङ्ग वा पुनर्गठन गर्न सक्नेछ ।

१०. बैठक भत्ता सम्बन्धी व्यवस्था- समिति/उपसमितिको बैठक भत्ता कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

**११. बाधा अड्काउ फुकाउने अधिकार-** यस कार्यविधिले व्यवस्था गरेको कुनै प्रावधान कार्यान्वयन गर्न बाधा अड्काउ फुकाउनु परेमा गा पा कार्यपालिकाले आवश्यकता अनुसार बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१२. संशोधन गर्न सक्ने-** यस कार्यविधिमा भएका कुनै विषयमा संशोधन गर्नु पर्ने आवश्यकता महसुस भएमा कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।